स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतीक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विवाहपछि अभिनेत्रीको फिल्म करिअर संकटमा पर्छ भन्ने भाष्यलाई वर्षा राउतले गलत सावित गरेकी छन् । बिहेपछि पनि उनको करिअर सुखद देखिएको छ । फिल्म हिट होस् वा फ्लप, उनी कामविहीन हुनुपरेको छैन । यतिबेला उनलाई राम्रै चटारो देखिन्छ । एकातिर सर्लाहीमा फिल्म 'मेयर'को छायांकन चलिरहेको छ भने अर्कोतिर शुक्रबारबाट फिल्म 'महाजात्रा' प्रदर्शनमा आएको छ । दुवै फिल्मलाई समय दिनुपर्दा उनलाई भ्याइनभ्याइ छ ।

**आजको विचार...**



के..

(दुई पेजमा)

डा.शान्तिकृष्ण अधिकारी



करिब एक वर्षपछि हाँस्य अभिनेता जितु नेपालल नयाँ फिल्ममा जोडिएका छन् । उनले फिल्म 'कार्साङ'मा मुख्य भूमिकामा काम गर्न लागेका हुन् । यही चैत दोस्रो साताबाट छायांकन सुरु हुन लागेको फिल्ममा जितुको जोडी अभिनेत्री दीया मास्केसँग बाँधिनेछ । फिल्ममा अभिनेता दयाहाङ राईको पनि अभिनय रहनेछ । जितु र दयाहाङले फिल्म 'वडा नम्बर ६'पछि दोस्रोपटक एकसाथ काम गर्न लागेका हुन् । फिल्ममा बुद्धि तामाङ, सुरक्षा पन्त, माओत्से गुरुङ, पुष्कर गुरुङ पनि अनुबन्ध भइसकेका छन् ।

❑ वर्ष २९ ❑ अंक २३४ ❑ २०८० चैत १० गते शनिबार 23 March 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सङ्क्षिप्त समाचार

### ऊर्जा पूर्वाधार रूसी आक्रमणको निशानामा

(रासस/सिन्ह्वा)

**किएभ,** चैत ९/रूसले शुक्रबार बिहान युक्रेनको ऊर्जा पूर्वाधारमा आक्रमण गरी धेरै क्षेत्रहरूको विद्युत सुविधाहरूलाई क्षति पुऱ्याएको युक्रेनी अधिकारीहरूले बताएका छन् । युक्रेनी स्वामित्वमा रहेको ऊर्जा कम्पनी युक्रेनेर्गोका प्रमुख कार्यकारी अधिकारी भोलोदिमिर कुद्रिट्स्कीलाई उद्धृत गर्दै इन्टरफ्याक्स-युक्रेन समाचार एजेन्सीले युक्रेनी ऊर्जा प्रणालीमा भएको यो हवाई आक्रमण 'सम्भवत : सबैभन्दा ठूलो आक्रमण' भएको बताएका छन् । आक्रमणमा क्रुज क्षेप्यास्त्र, साहेद ड्रोन र ब्यालेस्टिक मिसाइलको प्रयोग गरिएको कुद्रिट्स्कीले बताए ।

### पाल्पामा भरुवा बन्दुकसहित एक पक्राउ

**पाल्पा,** चैत ९/पाल्पामा अवैध भरुवा बन्दुकसहित एक जना पक्राउ परेका छन् । जिल्लाको रैनादेवी छहरा गाउँपालिका -४ ठूली पँधेराका ४६ बर्षिय लिलाबहादुर खत्री एकनाले भरुवा बन्दुक सहित शुक्रबार साँझ पक्राउ परेका हुन् । इलाका प्रहरी कार्यालय मुझुङबाट गएको प्रहरीको गस्ती टोलीले खत्रीलाई बन्दुक बोकी हिडिरहेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । उनलाई प्रहरीले हिरासतमा राखी अनुसन्धान गरी रहेको छ ।

# मानव अधिकार र सामाजिक न्यायका सवालमा नागरिक समाजको साझा धारणा बन्न जरूरी

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत ९/मानव अधिकार र सामाजिक न्यायका सवालमा नागरिक समाजको साझा धारणा बन्न जरुरी रहेको एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । मानव अधिकारको पक्षमा वकालत गर्दै आएको संस्था शान्ति, न्याय र सवल संस्थाका लागि नागरिक समाज (कोक्याप)ले शुक्रबार तानसेनमा आयोजना गरेको नागरिक समाजको अवस्था विश्लेषण तथा मानव अधिकारकर्मीहरुको सरंक्षण सम्बन्धी परामर्श बैठकमा सहभागीहरुले यस्तो बताएका हुन् ।







नागरिकहरुको क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरुले विचारै पिच्छे आफ्ना धारणाहरु बनाउने गरेको भन्दै कार्यक्रममा सहभागीहरुले त्यसो गर्दा मानव अधिकार र साामाजिक न्याय सुनिश्चित हुन नसक्ने बताए । नागरिक समाज र मानव अधिकारकर्मीहरु स्वतन्त्र हुनुपर्ने भए पनि उनीहरु स्वतन्त्र हुन नसकेको सहभागीहरुको आरोप छ । राजनीतिक दलहरुको फेरोमा रहेर आफ्ना धारणहरु बनाउने गरेकाले नागरिकहरुले मानव अधिकारको प्रत्याभूति गर्न नसकेको उनीहरुको भनाई छ । कार्यक्रममा अधिवक्ता विनोद कार्कीले मानव अधिकारको क्षेत्रमा हेर्दा सुधारात्मक देखिएपनि जनमानसमा त्यसको वास्तविक प्रभाव नदेखिएको बताए । उनले नागरिक समाजको साझा धारणा नबन्दासम्म नागरिकले मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूति गर्न नसक्ने धारणा व्यक्त गरे । अधिवक्ता कार्कीले राजनीतिक तहबाटै मानव अधिकारको हस्तक्षेप भएको बताए । उनले भने 'मानव अधिकारका क्षेत्रमा काम गर्ने ब्यक्तिहरु स्वतन्त्र हुनुपर्छ, यसो भयो भने मात्र आमनागरिकले न्यायको महशुस गर्छन् ।' सामाजिक अभियान्ता डा.रामबहादुर राउतले मानव अधिकार संगठन आफैमा शक्तिशाली संगठन रहेको बताए । उनले विदेशमा अलपत्र परेका नागरिकलाई इन्सेक जस्तो मानव अधिकार संगठनको शिफारिसकै कारण काम भएको स्मरण गर्दै संगठन शक्तिशाली रहेको धारणा व्यक्त गरे । अधिकारकर्मी ठाकुर लोहागुनले तल्लो तहबाट मानव अधिकारका कुरा उठान हुन आवश्यक रहेको बताए । उनले गाउँमुखी कर्यक्रम गर्न आवश्यकता रहेको उल्लेख गर्दै समुदायमा आधारित अधिकार कार्यान्वयनमा कोक्यापले ध्यान दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा पत्रकार कृष्ण पोखरेल, कानुन व्यवसायीहरु शालिक राम घिमिरे, नारायण ज्ञावाली लगायतले मानव अधिकारका कुरा गर्ने तर कर्तव्यका कुरा बिर्सने गर्न नहुने बताए । उनले नागरिक समाज, मानव अधिकार जस्ता संगठनको आवाज एउटै हुनुपर्नेमा जोड दिए । कार्यक्रमलाई सम्बोधन गर्दै कोक्यापका केन्द्रीय अध्यक्ष पुष्प भुसालले नागरिक समाजले साझा साधारणा बनाएर अगाडि बढ्नुपर्ने बताए । उनले शान्ति र समृद्धिको आधार खडा गर्न मानव अधिकारको प्रत्याभूति हुनुपर्ने धारणा व्यक्त गरे । कोक्यापका लुम्बिनी प्रदेशका अध्यक्ष रिमा विसीले आर्थिक, सामाजिक, साँस्कृतिक पक्षमा प्रदेश अत्यन्तै कमजोर रहेको बताइन् । उनले यस्ता गतिविधिहरुमा आफुहरुले सरकारलाई खबरदारी गर्दै आए पनि अत्यन्तै जोखिम रहेको धारणा व्यक्त गरिन् । जोखिमलाई चिर्दै अधिकार सुनिश्चित गर्न छलफल र बहसका कार्यक्रम गर्दै आएको अध्यक्ष विसीले बताइन् । बैंठकमा कोक्यापका निर्देशक सरोज नेपालले नागरिक समाजको अवस्थाका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्र प्रस्तुत गर्दै उनले नागरिक समाजले राज्य र निजी क्षेत्रप्रति वाचडगको रुपमा निरन्तर खबरदारी गर्न जरुरी रहेको बताए । निर्देशक नेपालले अभिव्यक्ति स्वतन्त्रता, सभा सम्मेलन गर्न पाउने अधिकार, संघसंस्था गठन गर्न पाउने अधिकार, व्यक्तिगत सुरक्षा जस्ता सवालमा नागरिकहरुको अधिकार खुम्चिने अवस्था भएमा नागरिक समाजले राज्यलाई निरन्तर खबरदारी गर्नुपर्ने उल्लेख गरे । अर्का निर्देशक महेश भट्टले लुम्बिनी प्रदेशको मानव अधिकारको अवस्थालाई समेटेर तयार पारेको कार्यपत्र प्रस्तुत गरेका थिए ।

कोक्यापका लुम्बिनी प्रदेशका अध्यक्ष रिमा विसीको अध्यक्षता, वातावरण तथा सामाजिक सरोकार केन्द्र पाल्पाका अध्यक्ष दोलखबहादुर रास्कोटीको स्वागत, कोक्याप केन्द्रीय आन्तरिक लेखा संयोजक राजेन्द्र बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो । कोक्यापको आयोजना, वातावरण तथा सामाजिक सरोकार केन्द्र पाल्पाको समन्वयमा भएको कार्यक्रममा विद्यार्थी, पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।


## फागु पर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं, लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# तानसेनमा एमालेले दियो व्यवसायिक कृषकलाई तालिम

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत ९/राजनीतिक दलहरुले भाषण गफ मात्रै गर्छन् भन्ने कुरा नेकपा एमाले तानसेन नगर कमिटीले शुक्रबार तोडेको छ । सुखी नेपाली समृद्ध नेपाल बनाउने अभियानका साथ नेकपा एमाले तानसेन नगरकमिटीले तानसेन भित्रका व्यवसायिक कुखुरापालक कृषकहरुलाई एक दिने तालिम दिएको हो ।



एमाले तानसेन नगर कमिटीले नगरका १४ वटा वडाभित्रका ५१ जना कुखुरापालक कृषकहरुलाई तालिम दिएको छ । जनतालाई आर्थिक रुपमा माथि उठाउँदै उनीहरुको जीवनस्तरमा सुधार ल्याउन एमालेले सुखी नेपाली संमृद्ध नेपाल अभियानलाई अगाडि बढाएको हो । कुखुरापालन तालिमको संविधानसभा सदस्य नारायणी शर्मा घिमिरे शुभारम्भ गरिन् । तालिममा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द पाल्पाका पूर्व प्रमुख पशु चिकित्सक डा.चन्द्रबहादुर रानाले पाल्पाको व्यवसायिक कुखुरा पालनको अवस्था, कुखुरामा लाग्ने रोग, रोग तथा बच्ने उपाय, औषधी उपचार, कुखराका लागि आवश्यक पर्ने दानापानी, व्यवस्थित खोर निर्माण लगायतका विषयमा कृषकहरुसँग छलफल गर्दै सहजीकरण गरे । कुखुरा पाल्दा ध्यान दिनुपर्ने कुराहरु, मौसम तथा बजारको पूर्व आकलन, राम्रो खोरको ब्यवस्थापन, कुखुरा पाल्दा आईपर्ने समस्याहरुको समाधानका विषयमा पशु चिकित्सक डा.चन्द्रबहादुर रानाले कृषकहरुलाई जानकारी दिए । तालिममा भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्र पाल्पाका प्राविधिक यूवराज ज्ञवालीले कुखुरापालक कृषकहरुले सरकारीस्तरबाट पाईने सेवा सुविधा तथा फर्म दर्ता, कुखुराको बजारको अवस्थाका बारेमा जानकारी गराएका थिए । तालिममा एनआईसी एसिया बैंक तानसेन शाखाका प्रमुख हरिकृष्ण शर्माले समग्र कृषि तथा पशुपालन क्षेत्रमा बैकले गर्दै आएको लगानी, सहुलियत ऋणको अवस्था, ऋण लिन कृषकहरुले अपनाउनु पर्ने विविध कुराहरु, व्याजदरको अवस्था, कृषि तथा पशुमा क्षेत्रमा गरिने बिमाहरुको बारेमा जानकारी गराएका थिए । एमालेले कृषकहरुको आयआर्जन बढाउन कुखुरापालक कृषकहरुलाई तालिम प्रदान गरेर राम्रो कामको शुरुवात गरेको तालिममा सहभागी तानसेन- ५ की मञ्जु बस्यालले बताइन् । पशु विज्ञ, पशु चिकित्सकबाट पाएको तालिम र ज्ञान प्रभावकारी भएको तालिममा सहभगी तानसेन-१० की विष्णु पौडेलले बताइन् । हामीले कुनै पनि राजनीतिक कुराकानी तथा भाषणा गरेनौ, दिनभरी नै कृषकका कुराहरु सुन्यौ, कृषकहरुले आ-आफ्नो अवस्था बारे कुराहरु राखे, कुखुरापालेर बढी भन्दा बढी आम्दानी लिने विषयमा नै विषयबस्तु केन्द्रित गरेर तालिम सञ्चालन गरेको एमाले नगर अध्यक्ष गुराँश आत्रेयले बताए । उनले भने 'जनतालाई सुखी र संमृद्ध बनाएर मात्र देश बन्न सक्छ, वैदेशिक रोजगारमा लागेको लर्कोलाई रोक्न सकिन्छ भनेर नै हामीले कृषकहरुलाई तालिम दिएका हौं ।' यसबाट राजनीतिक दलहरुमा नयाँ अभियानको शुरुवात भएको अध्यक्ष आत्रेयले बताए । उनले तालिममा सहभागी कृषकहरुलाई व्यवसायका लागि थप दक्ष बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । अध्यक्ष आत्रेयले लामो समयदेखि कुखुरापालन गर्दै आएका कृषक तथा उद्यमीहरुलाई कुखुरापालनबाट राम्रो आम्दानी गराउने तथा लागत कम हुने खालका तरिका सिकाउन विशेष तालिम सञ्चालन गरिएको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व मौसम विज्ञान दिवसको सन्दर्भ

मौसम र जलवायुको आउँदा पुस्तामा पर्ने प्रभावलाई आत्मसाथ गर्दै आज विश्व मौसम विज्ञान दिवस मनाइँदै छ । सन् १९५० मा विश्व मौसम विज्ञान संगठनको स्थापना भएको दिनको सम्झनामा सन् १९६१ देखि हरेक वर्ष मार्च २३ मा नेपालसहित विश्वभर यो दिवस मनाउने गरिन्छ । यस दिनले मानव समाजको सुरक्षा र कल्याणमा मौसम विज्ञान र जल विज्ञान सेवाहरूको योगदानलाई पनि प्रकाश पार्दछ । पृथ्वीमा बसोबास गर्ने मानवका लागि यहाँको वायुमण्डल र महासागर साझा रुपमा रहेको छ । यस्तै मौसम, हावापानी तथा जलचक्रलाई कुनै राष्ट्रिय वा राजनीतिक सीमाना थाहा हुँदैन । त्यसैले यसका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक हुन्छ । दिवसले वर्तमान र भविष्यका पुस्ताहरुका लागि समाजको सेवामा विज्ञानलाई रुपान्तरित गर्दा थप मार्गदर्शन गर्न सक्ने विश्वास गर्न सकिन्छ ।

शान्तिपूर्ण र दिगो समाजका लागि विज्ञानको भूमिकाबारे जनचेतना फैलाउँदै देशहरूबीच साझा विज्ञानको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय एकता बनाउन दिवसले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । विश्व मौसम विज्ञान संगठनद्वारा संकलित तथ्याङ्क बिना, सही र दैनिक रुपमा मौसम पूर्वानुमान प्राप्त गर्न असम्भव हुन्छ । मौसम सम्बन्धी डाटाले हामीलाई मौसमको क्षति ट्र्याक गर्न, सम्पूर्ण दिनहरूको योजना बनाउन र प्राकृतिक प्रकोपहरुको बारेमा चेतावनी दिन मद्दत गर्दछ । यी नै डाटाको कारणले गर्दा मानिसहरूलाई बाहिर निकाल्न वा आवश्यक आँधीको तयारी गर्न पर्याप्त समय दिएर ठूलो आँधीको भविष्यवाणी गर्न पनि यसले मद्दत गर्दछ । मानव जाती अहिले प्रविधि विकासको उच्च विन्दुमा रहे पनि त्यसको समुचित प्रयोग गर्न नजान्दा वा हेल्चेक्र्याइँ गर्दा अस्तित्व संकटमा परेको छ । साथै प्रविधि विकासमा अब्बल सावित भएका राष्ट्रहरू पनि वातावरणीय र पर्यावरणीय संरक्षणमा उदासीन हुँदा मानव जातीसँगै पृथ्वीकै अस्तित्व संकटमा परेको कुरा पछिल्लो समय वातावरणमा देखिएको अप्रत्यासित परिवर्तनले पुष्टि गरेको छ । हरितगृह ग्यास उत्सर्जनका कारण अहिले मौसम चरम अवस्थामा पुग्दैछ । महासागरमा गर्मी बढेको छ भने अधिक अम्लीयपन बढेको छ । समुद्रको स्तर बढेको छ, हिमनदी तथा हिउँ पग्लिनेक्रम बढेर गएको छ । मौसम परिवर्तनको दर तीव्ररुपमा बढ्दै गएको छ । यस अवस्थामा हरितगृह उत्सर्जनलाई न्यूनीकरण गर्न तथा यसलाई सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम उठाउन आवश्यक छ । भावी पुस्ता जीवित रहने र हुर्कन सक्ने वातावरणको सुनिश्चितता अहिले नै गरिनु पर्छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष विश्व मौसम विज्ञान दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

एउटै मन एउटै मस्तिक, फरक केवल स्वरुप एउटा उष्ण यामको शित्तल हावा भइ बहिदिन्छ एउटा चैत मासको बेग भइ झस्काइदिन्छ ।

*(धना बुढाको फेसबुक स्टाटसबाट https://www.facebook.com//dhana.budha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के तपाई उन्नति चाहनु हुन्छ ?



डा.शान्तिकृष्ण अधिकारी

उन्नति र प्रगतिका तौरतरिका आ-आफ्नै छन् । उन्नतिलाई परिभाषित गर्ने तरिका व्यक्तिपिच्छे फरक-फरक रहेको पाइन्छ । परिभाषा दिने क्रममा बेग्लाबेग्लै शब्दहरूको प्रयोग गरे पनि जोसुकै मनुष्यले चाहने भनेको उन्नति प्रगति नै हो । अधोगति वा अवनति कसैको चाहनामा पर्दैन । नेपाली बृहत् शब्दकोशमा हेर्ने हो भने उन्नत हुँदाको अवस्था, बढिवढाउ, प्रगति, अभिवृद्धि, कुनै क्षेत्रमा भएको उद्योग, उद्यमलाई उन्नति भनिएको छ । राम्रोसित अगाडि बढ्ने कार्य, माथि उक्लने काम, राम्रोसित अगाडि बढ्ने प्रक्रिया, उन्नति, विकास, उत्थानलाई प्रगतिका रूपमा परिभाषित गरिएको छ । अर्थात् उन्नति र प्रगति उस्तै-उस्तै अर्थ जनाउने शब्द हुन् । आध्यात्मिक जगतमा उन्नति गर्नुको अर्थ अर्कै हुन्छ भने भौतिक जगतमा प्रगति गर्नुको माने बेग्लै हुन्छ । उन्नति प्रगति गर्नका लागि प्रयोग गरिने साधन पवित्र हुनुपर्दछ भन्ने सैद्धान्तिक मान्यता राखिएको हुन्छ तर वर्तमानको भौतिक युगमा साधन जस्तोसुकै होस्, तिनको उपयोग गरेर येनकेन प्रकारेण सिँढी उक्लनुलाई नै प्रगति मान्ने गरिएको छ । गलत प्रक्रियाद्वारा हासिल गरिएका उपलब्धिका परिणाम भविष्यमा नकारात्मक हुन्छन् तर साधनहरू सही प्रयोग गरिएको छ भने प्रगति हात पार्न दीर्घकाल लागे पनि त्यसको परिणाम मीठो हुन्छ । मान्छेहरूले गरेका प्रगतिका परिणाम तुलना गर्न धेरै टाढा जानै पर्दैन । भर्खरै पर्दाफास भएका ठूलाठूला काण्डहरू हेर्दा पनि पुग्दछ । बालकृष्ण खाँण लोकतान्त्रिक व्यवस्था स्थापनाका लागि रगत पसिना बगाएका नेता हुन् तर उनको संगत गलत मान्छेहरूसँग पर्दा धेरै माथि पुगे पनि एक्कासी निकै तल झर्न परेको छ । कृष्णबहादुर महरा माओवादी व्यवस्था लाद्नका लागि जंगल पसेर युद्ध गरेका र धेरै नेपाली जनताले ज्यान गुमाउन पर्ने गरी संघर्ष गरेका व्यक्ति हुन् । उनले राजनीतिक, आर्थिक र सामाजिक प्रगतिको उत्कर्ष निरन्तर चाहे तर त्यसका लागि अपनाइएका साधन, प्रक्रिया र बाटा नितान्त गलत हुँदा उनले आफ्नोमात्रै नभएर छोराको समेत दुर्गति भोग्नुपरेको छ ।

मान्छे आफूसँग जे छ त्यसलाई प्रगति मान्न सक्दैन । जे प्राप्त गर्न मुस्किल छ र पाउन बाँकी छ, त्यसैको प्राप्तिलाई मात्रै उन्नति भएको ठान्दछ । आफूसँग उपलब्ध सुख, सुविधा र शौकतबाट मान्छे सन्तुष्ट हुन सकेको देख्दै देखिँदैन । सही होस् वा गलत जुनसुकै बाटो अपनाएर भए पनि भएको धनमा धन थप्नु र वर्तमानमा रहेको मानमा मान थप्नुलाई नै सफलता ठान्दछ । एउटै पदमा भए पनि समकक्षीभन्दा आफ्नो केही न केही रवाफ बढी होस् भन्ने चाहना मान्छेले राख्ने गर्दछ । टेकनारायण पाण्डे शिक्षासचिव हुँदा नै चित्त बुझाएको भए आजसम्म पनि सचिव नै हुन्थे तर गृहसचिव हुँदाको फाइँफुर्तिमा लोभिँदा हुनपुगेको दुर्गति कसैलाई बुझाइरहनै पर्दैन । उन्नति प्रगतिको चाहना पनि अचम्मको छ । उपप्राध्यापक पदमा विश्वविद्यालय प्रवेश गरेको मान्छेको अन्तिम लक्ष्य प्राध्यापक पद हो र हुनुपर्दछ तर नेपालमा यसलाई कसैले गन्दैन । क्याम्पस प्रमुख हत्याउन अनेक हत्याकाण्डा चाल्दछ । विद्यार्थी प्रयोग गर्दछ र भोलि तिनै विद्यार्थीको चाहना पूरा गर्दा गर्दै आफैं खाडलमा परिसकेको हुन्छ तर उसले पत्तै पाउँदैन । प्राध्यापक भएर विद्यार्थी बसेका कक्षामा जानभन्दा नेताका घरमा गएर उपकुलपति आदि पद हासिल गर्नुलाई नै उन्नति ठान्दछ । विद्यार्थीले पढाउनै नजान्ने वा ठग प्राध्यापक भनेर लगाएको आरोपले उसलाई लज्जाबोध हुँदैन बरु चाकडीबाट पाएको पदमा गर्व अनुभव गर्दछ । शाखा अधिकृतमा प्रवेश गरेको कर्मचारीको अन्तिम लक्ष्य भनेको पाएसम्म मुख्यसचिव र सो सम्भव नभए सचिव नै हो । सचिव पाइसकेको व्यक्ति सोही पदमै सन्तुष्ट भएको फिटिक्कै देख्न पाइँदैन ।

संवैधानिक आयोगहरूलाई अर्जुनदृष्टिमा राखेर नेताहरूले भनेका गर्न हुने र नहुने सबै काम सचिवहरूले गर्दछन् । संवैधानिक आयोग पाउने सम्भावना नभए मुख्यसचिव पद छाडेर धनका लोभमा उपसचिव जाने विदेशी नियोगमा जागिर खान गएको पनि देखिएकै छ । नेताहरूको चाकरी गरेर नयाँ पद सिर्जना गरी मुख्यसचिव जागिर खान गएको पनि देखेकै छौं । महरासँग बयान लिने तयारीमा सिआइबी राजनीतिमा लागेकाको अन्तिम सन्तुष्टि देश र जनताको प्रगतिमा हुनुपर्ने हो । जनताका मुहारमा हाँसो झल्किँदा नेताका अनुहारमा उज्यालो आउनुपर्ने हो तर नेताले पद नपाउँदासम्म उसको मुख जहिल्यै अँध्यारो देखिन्छ । सांसद् भएको नेताले सो पदमै चित्त बुझाउने गरेको कसैले देखेको छैन, उसलाई मन्त्री बन्न नपाएसम्म निद्रै लाग्दैन । एकपटक प्रधानमन्त्री हुँदैमा ढुक्क बसेको शीर्ष नेता कुनै राजनीतिक दलमा छैन । तीन पटक प्रधानमन्त्री भएकालाई कसरी चौथो पटक र पाँच पटक भएकालाई कसरी छैटौँ पटक प्रधानमन्त्री हुने भन्ने ध्याउन्न मात्रै हुन्छ । मेरा एक मित्र छन् टेकराज पौडेल । आठ कक्षा पढ्दै गर्दा एक हातमा कांग्रेसका झण्डा र अर्को हातमा बहुदलको पर्चा बोकेर सडकमा उत्रेका थिए । लोकतान्त्रिक काल र गणतान्त्रिक कालमा होइन कि पञ्चायत कालमै हो । प्रहरीले पक्रेर लग्यो र बालकै देखेर थर्काएर पठाएको थियो । उनी निरन्तर कांग्रेसमा छन् । प्रगतिका लागि कहिले यो नेता समात्ने र कहिले ऊ नेता पक्रने उनको बानी छैन अर्थात् उनी चलायमान छैनन् । पूर्व-मेचीदेखि पश्चिम-महाकाली सम्मकाले उनलाई चिन्दछन् । चुनावहरू आउँदा टिकटको आशा गर्दछन् तर आजसम्म पाएका छैनन् । उनले मौका पाउनुपर्दछ भन्नेहरू पनि प्रशस्तै छन् । उनीभन्दा पछिकालाई अवसर दिइन्छ तर उनलाई दिइँदैन । कारण उनी कुनै हालतमा पनि मौकापरस्त हुन सक्दैनन् । जमाना मौका परस्तहरूकै छ । हजारौं मान्छेले उनलाई नेता हो भन्दैमा उनको उन्नति भएको ठहरिँदैन । लोकतन्त्रका लागि उनले थपेका दाउरालाई प्रगति मानिँदैन । प्रगति त्यही पदमै गएर अड्किएको छ । पद र शक्तिलाई प्रगति मान्दा ती प्राप्त गर्नका लागि राजनीतिक नेता र नेतृत्वहरूको पछि लाग्नै पर्दछ भन्ने आजभोलिका परिणामहरूले देखाएका छन् । सत्यलाई मनमै राखेर असत्य भए पनि नेताका लागि प्रिय शब्दहरू बोल्न सक्नेको मात्रै प्रगति हुने गरेको देखिएको छ । नेताको आशय बुझेर देश र जनताका लागि हानीकारक भए पनि गलत बाटो रोज्नेहरूकै उन्नति प्रगति भएको पाइन्छ । आफू भडखालामा पर्दैछु भन्ने जान्दा जान्दै पनि खराब काम गर्न पछि नपर्नेहरूकै उन्नति हुने गरेको दृष्टान्तहरू पर्याप्त भेटिन्छन् तर त्यस्ता प्रगतिहरू क्षणिकमात्रै हुने गरेको पनि देखिएकै छ ।

कमरेड प्रचण्डलाई राणाहरूले उपभोग गरे जस्तो सुखसुविधा त्यागी माओवादी पार्टीलाई जनताको पार्टी बनाउन सल्लाह दिनेहरू आज पनि दुर्गम क्षेत्रको कुन कुनामा छन् कसैलाई पत्तो छैन । हजुरले त कहाँ दुई करोडको गाडी चढेर हुन्छ, अलि महँगो मगाउनु पर्‍यो भन्नेहरू कतिपटक सत्तामा पुगे सबैलाई थाहा छ । केपी ओलीलाई संसद् भंग गर्न हुँदैन भन्नेहरूले कि त पार्टी छाडेर जान परेको कि एमाले भित्रै दोस्रो दर्जाको बनेर रहन परेको पनि सबैले देखेकै छन् । दाइमात्रै होइन भाउजूले समेत शासन गर्न पाउनु पर्दछ भनेर नारा लगाउनेहरूकै निरन्तर जयजय भइरहेको पनि प्रष्टै छ । त्यसैले तपाई भौतिक दुनियाँको क्षणिक प्रगतिका पक्षमा हुनुहुन्छ भने आजैदेखि नेताका पक्षमा नारा लगाउन थाल्नुस् । भोलि जेल पर्नुपरे पनि आज सुविधा भोग्ने नै हो भन्ने लागेको छ भने आजैदेखि नेताका गलत कुराहरूलाई सही प्रमाणित गर्न आरम्भ गर्नुस् । यसो गर्नुभयो भने ल्याप्चे नै भए पनि विश्वविद्यालयको उपकुलपति बन्न सक्नुहुन्छ । आठ कक्षा पास नगरे पनि देशको अर्थमन्त्री बन्न तपाईलाई कसैले रोक्दैन । योग्यता भनेकै नेताको चाकरी हो भन्ने ठानेर निरन्तर लाग्नुस्, तपाईको प्रगति कसैले छेक्न सक्दैन । राजाका अगाडि पर्नु हुँदैन, संगत गर्न हुन्न भन्ने नीति वचन छ । राजा भन्नुको अर्थ शक्ति हो । महराको प्रचण्डसँग निकट सम्बन्ध नभएको भए शायद यो परिणति हुँदैनथ्यो कि ? त्यस्तै खाँणसँग टेकनारायण पाण्डेको नजिकको सम्बन्ध नभएको भए उनले यस्तो अवस्था भोग्न पर्दैनथ्यो कि ? भानुभक्त ढकाललाई किन ओम्नीको भाउँतो आइलाग्या होला ? गोकुल बाँस्कोटाले चर्चित हुने मौका किन पाए ? भावीको लेखा त कसले जानेको छ र तैपनि प्रगति उन्नति चाहनेहरूले भने विचार पुर्‍याउनै पर्दछ । ***-इहिमालय टाइम्स डटकम***

*जनताका मुहारमा हाँसो झल्किँदा नेताका अनुहारमा उज्यालो आउनुपर्ने हो तर नेताले पद नपाउँदासम्म उसको मुख जहिल्यै अँध्यारो देखिन्छ । सांसद् भएको नेताले सो पदमै चित्त बुझाउने गरेको कसैले देखेको छैन, उसलाई मन्त्री बन्न नपाएसम्म निद्रै लाग्दैन । एकपटक प्रधानमन्त्री हुँदैमा ढुक्क बसेको शीर्ष नेता कुनै राजनीतिक दलमा छैन । तीन पटक प्रधानमन्त्री भएकालाई कसरी चौथो पटक र पाँच पटक भएकालाई कसरी छैटौँ पटक प्रधानमन्त्री हुने भन्ने ध्याउन्न मात्रै हुन्छ । मेरा एक मित्र छन् टेकराज पौडेल । आठ कक्षा पढ्दै गर्दा एक हातमा काग्रेसका झण्डा र अर्को हातमा बहुदलको पर्चा बोकेर सडकमा उत्रेका थिए । लोकतान्त्रिक काल र गणतान्त्रिक कालमा होइन कि पञ्चायत कालमै हो । प्रहरीले पक्रेर लग्यो र बालकै देखेर थर्काएर पठाएको थियो । उनी निरन्तर कांग्रेसमा छन् । प्रगतिका लागि कहिले यो नेता समात्ने र कहिले ऊ नेता पक्रने उनको बानी छैन अर्थात् उनी चलायमान छैनन् । पूर्व-मेचीदेखि पश्चिम-महाकाली सम्मकाले उनलाई चिन्दछन् ।*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : अनावश्यक काममा धन लगानी गर्नु पर्नेछ, सकेसम्म जोगिनु नै उचित हुनेछ ।

**वृष** : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ ।

**मिथुन** : रोकिएका काम र जग्गा जमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ।

**कर्कट** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ।

**सिहं** : क्रोधलाई नियन्त्रणमा राखी काम गर्दा राम्रो प्रतिफल पाइने समय छ ।

**कन्या** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।

**तुला** : समय राम्रो छ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।

**वृश्चिक** : पारिवारिक साथ, सुख मिल्नुका साथै खुसीको खबर सुन्न पनि पाउनु हुनेछ।

**धनु** : दाम्पत्य जीवनमा एक किसिमको निरासता आउन सक्छ ।

**मकर** : दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । स्वादिष्ट भोजन पाइनेछ ।

**कुम्भ** : बन्द व्यापार र पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ।

**मीन** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ ।

# साहित्य दर्पण

समीक्षा/पुस्तक चर्चा ● ● पुष्कर अथक रेग्मी

## देवेन्द्रको जीवनी : इन्दिराको कृति






*पाल्पाको वर्तमान साहित्यको फाँटमा इन्दिरा गद्य र पद्यमा कविता लेख्ने कवयित्री, शीतकाव्यकी अभियन्ता शीत ईश्वर, गजलकार र कथाकारको रूपमा उपस्थित भएकी छन् । पवन कुमारीदेवी श्रेष्ठ पाल्पाली अग्रज नारी साहित्यकार हुन भने बर्तमान समयमा धेरैनै नारीहरूले साहित्यको सिर्जनामा आफूलाई समर्पित गराउदै आएका छन् । कृति प्रकाशन गर्ने नारीहरूको उपस्थिति भने न्यूननै देखिन्छ । इन्दिरा ज्ञवाली पौडेलले देवेन्द्रराज शाक्य सन्दर्भ कृति प्रकाशित गरि पात्र देवेन्द्रराज शाक्य र लेखक स्वयंलाई धन्यवाद बनाएकी छन् ।*

अविश्रान्त कर्मशील साहित्यकार देवेन्द्रराज शाक्यको संक्षिप्त जीवनीको रूपमा लेखिएको पुस्तकको नाम हो - “सिर्जनशील सर्जक देवेन्द्रराज शाक्य ।” साहित्यकार इन्दिरा ज्ञवाली पौडेलद्वारा लिखित एवं लुम्बिनी वाङमय प्रतिष्ठानद्वारा प्रकाशित प्रस्तुत कृतिभित्र लुम्बिनी वाङमय प्रतिष्ठानका अध्यक्ष ऋषि आजादको प्रकाशकीय, साहित्यकार शान्ता शाक्यको शुभकामना, पुष्कर अथक रेग्मीको अमृतोपहार र इन्दिरा ज्ञवाली पौडेलको लेखकीय रहेको छ ।

वि.सं.२००६ साल माघ १ गते पाल्पाको तानसेन नारायण टोलमा जन्मेका देवेन्द्रराज शाक्य पिता चिनिया काजी शाक्य र माता पुतलीदेवी शाक्यका सुयोग्य सुपुत्र हुन् । वि.स.२०२४ मा पिताजीको निधन भएसंगै बुटवलमा बसोबास गर्दै आउनु भएका देवेन्द्रराज शाक्य वि.स.२०८० माघ १ गते देखि ७५ बर्षमा प्रवेश गरेको अवसरमा साहित्यकार इन्दिराजीले अमृतबर्षोपहारको रूपमा कृति प्रकाशन गरि पितातुल्य देवेन्द्रराज शाक्यलाई लिपिबद्ध गरी जिवन्त राख्ने पुनीत सौम्य कर्म गर्नु भएकोमा हार्दिक साधुवाद प्रकट गर्दछु । बैशाख पूर्णिमा, यो बटौली हो, विश्व शान्तिको शहर लुम्बिनी, महामानव बुद्ध : प्रमुख घटना विवरण, कविता संग्रह : आमा, बुद्धकालीन केही विहारहरू, जीवनका अनुभूति भाग १ र २, थेरवाद वुद्धधर्म, प्राचीन कोलीय र शाक्य गणराज्य अन्तर्गत बौद्ध सम्पदा, हाम्रो संस्कार र संस्कृति, बुटवलमा बुद्ध धर्म, वेदका भेद, धर्मी शाक्यका पुस्तक समीक्षा संगालो, प्रेरक जातक कथा,गुरु दक्षिणा, लघुतम काव्य संग्रह शीत, लघुतम षडऋतु खण्डकाव्य गोधुली गरि १८ वटा कृति प्रकाशित भइसकेका छन् भने अझै आधा दर्जन कृति प्रकाशोन्मुख अवस्थामा रहेका छन् । संस्थापक अध्यक्ष, विशिष्ट सदस्य, आजीवन सदस्य, सदस्य, सल्लाहकार गरी करिब ३ दर्जन संस्थामा आवद्ध देवेन्द्रराज शाक्यले विभिन्न विधालयमा अध्ययनरत १६ जना विद्यार्थीहरूलाई शैक्षिक छात्रवृत्ति प्रदान गरी अभिभावकत्व बहन गर्नुका साथै करिव ४६ वटा संघ संस्थाहरूमा अक्षयकोषका लागि रकम प्रदान गर्दै आउनु भएकन देवेन्द्रराज शाक्य ३१ वटा पुरस्कार, पदक तथा सम्मानपत्रहरूद्वारा अभिनन्दित भईसकेका छन् ।

बौद्ध विद्वानको रूपमा प्रतिष्ठापित देवेन्द्रराज राज शाक्यले स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरको गरि आधा दर्जनभन्दा बढी कार्यपत्रहरू प्रस्तुति गर्नुका साथै बौद्ध दर्शनको शोध खोज सोंचसहित लेखन कार्यमा तल्लीन रहदै आएका छन् । “आयु छउन्जेल वायुले केही गर्न सक्दैन” भन्ने तर्क शाक्यको जीवनसंग मूल खाएको छ । उनी मरेर बाँचेका मान्छे हुन्छ अर्थात मृत्युको मुखबाट फर्केका व्यक्ति हुन् । वि. स.२०४० सालमा तानसेन लामीडाँडामा बस दुर्घटना हुँदा बाचेका र पटक पटक मुटुको रोगले ग्रस्त पार्दा पनि मरेर बाचेका छन् देवेन्द्र । असल कर्म र नियमित लेखन कार्यले देवेन्द्र बाँचेका छन् र प्रार्थना छ उनी अझै सतायु बाँच्नेछन् । उल्लेखित कुराका अतिरिक्त धेरै कुराहरू कृतिभित्र समेटिएको छ । शालीन स्रष्टा, बाल्यकाल तथा प्राथमिक शिक्षा दीक्षा, प्राथमिक तह पछिको शिक्षा, किशोरावस्था तथा पितृ शोक, जागिरे जीवन, दाम्पत्य जीवनको शुरूवात, साहित्य सर्जक, समाजसेवी, लेखकको रूपमा, कलाकार देवेन्द्र, आध्यात्मिक तथा धार्मिक भाव, अशल अभिभावक, कुशल प्रशाशक, अक्षयकोषदाता, बटौलीको जिउदो इतिहास देवेन्द्रराज शाक्य, निष्कपट स्वभावको व्यक्ति, स्वयम्वरको औठी नि बेच्यो, पुस्तकालय स्थापना/नीजी पुस्तकालय, कालले साचेका/मृत्युको मुखबाट फर्केका व्यक्ति, पुस्तकालय विज्ञ, किताबको किरा, जीवन संगीनीप्रतिको धारणा, कृतज्ञता, अक्षयकोष सहयोग गरेका संघसंस्थाहरू, अभिभावकत्व ग्रहण, देवेन्द्रराज शाक्यको अन्य विवरण गरी २६ वटा शीर्षकमा “सिर्जनशील सर्जक देवेन्द्रराज शाक्य” कृति सार्वजनिक भएको छ ।

कृतिका लेखक इन्दिरा ज्ञवाली पौडेलको यो दोस्रो एकल प्रकाशित कृति हो । यसअघि शीतकाव्य संग्रह “शीत इन्दु” प्रकाशित गरी लघुकाव्यको इतिहासमा एक कदम अघि बढेकी इन्दिराले संयुक्त गजल संग्रह “स्रष्टा सिर्जना पाल्पा” भित्र पनि ८ वटा गजलहरू संगृहित गरि प्रकाशनमा ल्याएकी छन् । उनका कथाहरू पनि विभिन्न पत्र पत्रिकाहरूमा समेत प्रकाशित हुँदै आएका छन् । पाल्पाको वर्तमान साहित्यको फाँटमा इन्दिरा गद्य र पद्यमा कविता लेख्ने कवयित्री, शीतकाव्यकी अभियन्ता शीत ईश्वर, गजलकार र कथाकारको रूपमा उपस्थित भएकी छन् । पवन कुमारीदेवी श्रेष्ठ पाल्पाली अग्रज नारी साहित्यकार हुन भने बर्तमान समयमा धेरैनै नारीहरूले साहित्यको सिर्जनामा आफूलाई समर्पित गराउदै आएका छन् । कृति प्रकाशन गर्ने नारीहरूको उपस्थिति भने न्यूननै देखिन्छ ।

इन्दिरा ज्ञवाली पौडेलले देवेन्द्रराज शाक्य सन्दर्भ कृति प्रकाशित गरि पात्र देवेन्द्रराज शाक्य र लेखक स्वयंलाई धन्यवाद बनाएकी छन् । शिक्षण पेशामा सम्लग्न इन्दिरा मानव अधिकारकर्मी समेत हुनुका साथै शीत काव्य समाज नेपाली केन्द्रीय कोषाध्यक्ष, पाल्पा जिल्ला अध्यक्ष र पाल्पा साहित्य समाजको सदस्य समेत रहेकी छन् । लघुतम काव्यको क्षेत्रमा शीत, त्रिशूल, हाइकु, षडऋतु, सुसेलीहरू लेखी सामाजिक सन्जालमा संप्रेषण गर्दै आइरहने इन्दिराको लेखकीय भविष्य स्वर्णिम रहेको छ । सफलताको शुभकामना । “सिर्जनशील सर्जक देवेन्द्रराज शाक्य” कृति जीवनीपरक साहित्य भएकोले पठनीय, उदाहरणीय एवं संग्रहणीय रूपमा रहेको छ ।

कविता

## आर्यघाट पनि बेचिन्छ यहाँ

-मुरारी ढुङ्गेल

यहाँ आर्यघाट बेच्ने विचौलियाहरु छन्

छिनलाई मात्तिन मदिराका लागि आफ्नै शरीरको अंग बेच्न तयार छन् यहाँ
निर्धन, कंगाल र गरिव भएर होइन, मानसिकता र नैतिकताका दरिद्रहरु छन् यहाँ
ठूला भनाउँदाको अघिपछि गर्दै स्वार्थ र नीच हुन मञ्जुर छन् ।

परिश्रम मिहिनेत भन्दा पनि लुट जालझेल र तिगडम खर्चिनेहरु
कहाँ कसरी र कुन बाटोबाट धनी बन्न सकिन्छ भन्ने धाउन्नमा छन् उनीहरु
स्वार्थ र फाइदाका लागि जोकसैको पाउ पर्नेहरु आफन्तकै घिच्रो निचर्न तयार छन्
कमाउनकै लागि चेलिबेटी बेच्नेहरु नै छाति फुकाएर हिँडेका छन् ।

दरिद्रताको उच्च विन्दुमा नग्न भएर लुट्न लाजले छेकबार गर्दैन तिनलाई
नैतिकताको त के कुरा गरौं र खै ! मूर्दा पोल्ने आर्यघाट समेत बेच्ने यिनीहरुलाई
विचलन, वितृष्णा र विच्छेदको कुभावनाले ग्रस्त यो समाजमा
ऐश्वर्य वैभवकै लागि श्रीमती परपुरुषसँग पठाइदिने साधुहरुको जमात छ यहाँ

आफ्नैबाट आफन्त लुटिन्छन् यहाँ,
पाषाण फदय बोकेका आफन्त कुन बेला तिम्रो घाँटी निमोठ्न
नैतिकता र पापधर्म भुलेर नंग्रा तिखारेर बसेका छन्

हो ! उनीहरु आफैं जल्ने आर्यघाट पनि बेचिदिन तयार यहाँ ।

-साभार : इहिमालय टाइम्स डटकम


## माथागढी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै दर्ता गरौं ।
- वन जंगललाई आगोलागी हुनबाट बचाऔं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पदाको संरक्षण गरौं ।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबै खालका विभेद अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, चर्पीमा मात्र दिसापीसाब गर्ने बानी बसालौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- सीप सिकौं, स्वालम्बी बनौं ।
- छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- भूकम्प प्रतिरोधि संरचना निर्माण गरौं ।
- स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

| राम प्रसाद घिमिरे | विष्णु माया लुङ्चे | यम बहादुर चिदी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# पालिकास्तरीय भलिबलको उपाधि रामपुरलाई

कृष्ण पोखरेल

**पाल्पा,** चैत ९/जिल्लाको रैनादेवी छहरा गाउँपालिकाले आयोजना गरेको अन्तरपालिकास्तरीय चौथो अध्यक्षकप भलिबल प्रतियोगिताको उपाधि रामपुर नगरपालिकाले जितेको छ । रैनादेवीछहराको कटौजे पानीस्थित खेलमैदान भएको फाईनल खेलमा रम्भा गाउँपालिकालाई ३-२ सेटले हराउँदै रामपुरले उपाधि हात पारेको हो ।



उपाधि प्राप्त रामपुरले ७५ हजार नगद, ट्रफी र प्रमाणपत्र पुरस्कार पाएको छ । यस्तै प्रतियोगितामा रामपुरसँग पराजित भएसँगै रम्भा गाउँपालिका दोस्रो भएको छ । उसले ४५ हजार नगदसहित सिल्ड, ट्रफी र प्रमाणपत्र पुरस्कार पाएको छ । प्रतियोगितामा पूर्वखोला गाउँपालिका तेस्रो भएको छ । उसले ३० हजार नगदसहित सिल्ड, ट्रफी र प्रमाणपत्र हात पारेको छ । पूर्वखोलाले रैनादेवी छहरा गाउँपालिकालाई ३-१ सेटले हराएको थियो । प्रतियोगितामा सान्तवना भएको रैनादेवी छहरा गाउँपालिकाले १५ हजार नगद सहित ट्रफी र प्रमाणपत्र पाएको रैनादेवी छहरा युवा तथा खेलकुद समितिका सदस्य सचिव जीवन रानाले बताए । प्रतियोगितामा खेल अवधिभर उत्कृष्ट स्पाइकर रम्भा गाउँपालिकाका यम आले, उत्कृष्ट सेटर रामपुर नगरपालिकाका अमृत गाहा, उत्कृष्ट डिफेन्डर रम्भा गाउँपालिकाका तुल्सा बाकाबल, उत्कृष्ट ब्लकर रामपुर नगरपालिकाका दिपेन्द्र आले, उत्कृष्ट खेलाडी रामपुर नगरपालिकाकै सन्दीप थापा र उत्कृष्ट कोचमा रम्भाका चिरन फालले पुरस्कार हात पारेको रैनादेवी छहरा खेलकुद विकास समितिका अध्यक्ष नारायण कार्कीले बताए ।

विजयी तथा उपविजयी खेलाडीलाई लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्तीमगर, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मांगत भट्टराई, उपाध्यक्ष युवराज थापा, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद तिमिल्सेना, प्रवक्ता देवेन्द्र पुन लगायतले पुरस्कार वितरण गरेका थिए । पुरस्कार वितरण गर्दै सभामुख घर्तिले पाल्पामा भलिबलको क्रेज बढ्दै गएको अवस्थामा रैनादेवी छहरा गाउँपालिकाले अन्तरपालिका स्तरीय प्रतियोगिता गरी खेलाडीहरुमा निखारता ल्याउने र भोलिको दिनमा खेलाडीहरुलाई क्षेत्रीय तथा राष्ट्रिय प्रतियोगितामा सहभागी हुन आत्मबल बढ्ने विश्वास व्यक्त गरे । विगतका वर्षहरुमा गाउँपालिकाले आफ्नै पालिका भित्र मात्र सिमित गरेको अध्यक्ष कप भलिबल प्रतियोगिता यस बर्षदेखि खेलाडीहरुलाई प्रतिस्पर्धाको भावना बढाउन, नयाँ-नयाँ खेलाडीहरु उत्पादन गर्न अन्तरपालिकास्तरीय बनाएको गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराईले बताए । गाउँपालिकाले कटौजेपानीलाई पालिकास्तरीय रंगाशालाको विकास गर्दै आएको छ । प्रतियोगितामा पाल्पाका १० वटै पालिकाहरुको सहभागिता रहेको थियो ।

# महरा हाजिरी जमानीमा छुटे

**पाल्पा,** चैत ९/माओवादी उपाध्यक्ष तथा पूर्वसभामुख कृष्णबहादुर महरा हाजिरी जमानीमा छुटेका छन् । सुन तस्करी प्रकरणमा पक्राउ परेका उनको स्वास्थ्य अवस्थालाई हेरेर हाजिरी जमानतमा छाडिएको हो ।



शुक्रबार जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा बयान सकिएसँगै महरालाई हाजिरी जमानीमा छाडिएको बताइएको छ । सीआईबी र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँको टोलीले पूर्वसभामुख महराको बयान सकिएपछि उनलाई हाजिरी जमानीमा रिहा गरेको हो । महरालाई गत सोमबार कपिलवस्तुबाट नेपाल प्रहरीले पक्राउ गरी काठमाडौँ पुऱ्याएको थियो । महरालाई जिल्ला अदालत काठमाडौँबाट चार दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको थियो । सुनको अवैध तस्करी एवं नियन्त्रण सम्बन्धमा जाँचबुझ गर्न पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वमा गठित आयोगले महराविरुद्ध मुद्दा चलाउनुपर्ने सिफारिस गरेको थियो ।

सोही सिफारिसका आधारमा ब्यूरोले महरालाई पक्राउ गरेको थियो । महराका कान्छा छोरा राहुल भने सुन तस्करी प्रकरणकै अनुसन्धानमा पुर्पक्षका लागि थुनामा छन् । साउन २ मा ब्रेक सुमा लुकाएर ल्याइएको ६१ किलो र २०७९ पुसमा विद्युतीय चुरोट (भेप) मा ल्याइएको ९ किलो सुन तस्करीमा पूर्वसभामुख महरा, छोरा राहुल, पूर्वउपराष्ट्रपतिका छोरा दीपेश पुन र परराष्ट्रविज्ञ जीवन गुरुङसहितका व्यक्तिहरु मुछिएका थिए ।


जिल्ला प्रशासन कार्यालय, पाल्पाको

## बढुवा सिफारिस सम्बन्धी सूचना

सूचना प्रकाशन मिति: २०८०/१२/१०

लोकसेवा आयोग बुटवल कार्यालय अन्तर्गतको बढुवा सूचना नं. ३१९/०८०/८१ को कार्यक्षमता मूल्याङ्कनको आधारमा हुने बढुवामा निम्नानुसारको पद, श्रेणी, सेवा समूहको रिक्त रहेको पदमा बढुवा गर्न बढुवा समितिको मिति २०८०/१२/०९ गते बसेको बैठकको निर्णयानुसार तपसिलमा उल्लेखित उम्मेदवारलाई निजामती सेवा ऐन, २०४९ (संसोधन सहित) को दफा २४ (घ) १ (क) बमोजिम कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४ (च) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल


**पद/श्रेणी :-** प्रशासन/रा.प.अनं. प्रथम **सेवा/समूह/उपसमूह :-** प्रशासन/सामान्य प्रशासन

**बढुवा सुचना नं.:-** ३१९/०८०/८१ (कार्यक्षमता मूल्याङ्कन)

| सि.नं | संकेत नं | नामथर | बढुवा हुने पद | कार्यरत कार्यालय | प्राप्तांक |
|---|---|---|---|---|---|
| १ | २०२१२२ | खगेन्द्र पराजुली | नायब सुब्बा | तथ्याङ्क कार्यालय, पाल्पा | १०० |


## खेलकुद समाचार

# एपीएफले हरायो न्यू डायमण्डलाई



**काठमाडौं,** चैत ९/नेपाल एपीएफ क्लबले न्यू डायमण्डलाई हराएको छ । उसले आठौं संस्करणको आरबीबी एनभीए भलिबल च्याम्पियनसिप अन्तर्गत महिलातर्फ डायमण्डलाई हराउँदै तेस्रो स्थान हात पारेको हो ।

शुक्रबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्ड हलमा तेस्रो स्थानको लागि भएको खेलमा एपीएफले न्यू डायमण्डलाई ३-१ ले हराएको हो । एपीएफले २५-२२, २३-२५, २५-१४, २५-२१ ले हराएको छ । पुरुषतर्फ दुई सेमिफाइनल खेल हुँदैछन् । पहिलो सेमिफाइनल खेल टिपटप हेल्प नेपाल र गण्डकी प्रदेशबीच हुनेछ । दोस्रो सेमिफाइनल खेल नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबबीच हुँदैछ । महिला र पुरुषतर्फ दुवै फाइनल शनिबार हुनेछ ।

फाइनलमा महिलातर्फ एभरेष्ट भलिबल क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको महिला र पुरुष दुवैतर्फको विजेताले ५ लाख, दोस्रोले २ लाख ५० हजार र तेस्रो टोलीले १ लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट पुरुष तथा महिला खेलाडीले समान ४० हजार रुपैयाँ पाउनेछन् । विधागत उत्कृष्ट सेटर, ब्लकर, सर्भर, स्पाइकर, लिवेरो र प्रशिक्षकले १५-१५ हजार प्राप्त गर्नेछन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य घट्यो



**पाल्पा,** चैत ९/स्थानीय बजारमा सुनको मूल्य घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार छापावाल सुन प्रतितोला एक हजार तीन सयले घटेको हो ।

बिहीबार सुनको मूल्यले नयाँ कीर्तिमान बनाएको थियो । सो समयमा छापावाल सुन प्रतितोला एक लाख २७ हजार आठ सयले कारोबार भएको थियो । शुक्रबार सुनको मूल्य घटेसँगै एक लाख २६ हजार पाँच सय मूल्य कायम गरिएको छ । यस्तै तेजाबी सुन बिहीबार प्रतितोला एक लाख २७ हजार दुई सयमा कारोबार भएकोमा शुक्रबार एक लाख २५ हजार नौ सय मूल्य कायम गरिएको हो । चाँदीको मूल्य पनि घटेको छ । बिहीबार प्रतितोला एक हजार पाँच सय ५५ मा कारोबार भएकोमा प्रतितोला एक हजार पाँच सय कायम गरिएको छ । अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भले यो वर्ष तीन पटक ब्याजदर कटौती गर्ने प्रक्षेपण गरेसँगै अमेरिकी डलर र ऋणपत्रको प्रतिफल तल माथि हुँदा सुनको भाउमा समेत घट्ने, बढ्ने भएको हो ।


## सन्तोष चलचित्र मन्दिरमा...





सन्तोष चलचित्र मन्दिर तानसेनमा चैत्र ९ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ नेपाली चलचित्र **'महाजात्रा'** ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेश्रो सो साँझ ५:३० बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*


## हार्दिक समवेदना

जन्म
वि.सं. १९९७/०६/१०



स्वर्गारोहण
वि.सं. २०८०/१२/०४

**स्व.गनिसरा खाम्चा**

यस जनज्योती लाङ्घाली गुठीका सदस्य, मिन बहादुर खाम्चा, रन बहादुर खाम्चा, जित बहादुर खाम्चा, सीतादेवी थापा र सीमा कुमारी थापाकी ममतामयी माता, नम बुमारी खाम्चा, सिम कुमारी खाम्चा र शान्ति खाम्चाकी सासुआमा **गनिसरा खाम्चा**को यही मिति २०८० चैत्र ०४ गते आइतबारको दिन ८४ वर्षको उमेरमा भएको असामयिक निधनले यस गुठी कानुङ मै समूह परिवार स्तब्ध भएको छ । यस दुःखद् घडीको आज ७ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| देव बहादुर आले<br>कोषाध्यक्ष | गुन बहादुर कनौजे<br>सचिव | मान बहादुर खाम्चा<br>अध्यक्ष |
| बन्दना राना खड्का<br>कोषाध्यक्ष | निर्मला राना सारु<br>सचिव | मिना सिंजाली पचभैया<br>अध्यक्ष |

एवं

**जनज्योती लाङ्घाली गुठी एवं कानुङ मै समूह परिवार**

तानसेन-२, मेहलधारा, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक बेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई